# उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

## उद्देश्य र कारण

यस प्रदेशका उपभोक्ताको स्वास्थ, सुविधा र आर्थिक हित कायम राख्न उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मुल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गर्न तथा सुरक्षित र गुणस्तर युक्त उपभोग्य वस्तु वा सेवाको विक्रि वितरण, निकासि पैठारी र संचय सम्बन्धी व्यवस्था गरी उपभोक्ताको हक हित संरक्षण गर्न प्रदेश सरकारको समेत कर्तव्य भएकाले उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ तर्जुमा गरी स्वीकृत हुन प्रदेश सभा समक्ष पेश गरिएको छ ।

(धिरेन्द्र कुमार प्रधान)
सचिव
सचिव

(मा. नन्दसिंह बुढा)
मन्त्री
मन्त्री

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

## आर्थिक टिप्पणी

यो ऐन कार्यान्वयनको लागि प्रदेश सरकार अन्तर्गतका हाल कायम रहेकै सांगठनिक र भौतिक संरचना तथा जनशक्तिको परिचालन गरि कार्य सम्पादन गरिने हुदाँ केही जनशक्ति र क्षमता विकास तथा अनुगमन मुल्याङ्कन लगायतका कार्यहरु संम्पादन गर्न आवश्यक पर्ने व्यय भारका लागि आर्थिक मामिला तथा योजना मन्त्रालय, कर्णाली प्रदेश सुर्खेतबाट मिति २०७५।११।१९ मा सहमति प्राप्त हुन आएको हुदाँ प्रस्तुत उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ पेश गरिएको छ ।

..............................
(धिरेन्द्र कुमार प्रधान)
सचिव
सचिव

..............................
(मा. नन्दसिंह बुढा)
मन्त्री
मन्त्री

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
नेपाल

## उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्ने बनेको विधेयक, २०७५ को प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

| क्र स | दफा | प्रत्यायोजित व्यवस्थापनको प्रावधान | प्रत्यायोजित व्यवस्थापन अन्तर्गत निर्माण हुने | प्रत्यायोजित व्यवस्थापनको प्रावधान गर्नुपर्ने कारण | कैफियत |
|---|---|---|---|---|---|
| १ | ३१ | नियम, कार्यविधि, निर्देशिका, मापदण्ड बनाउन सक्ने व्यवस्था | उपभोक्ताको हक हित, संरक्षण गर्न विभिन्न व्यवस्थाहरु नियम मार्फत गर्नु पर्ने भएकाले । | उपभोग्य वस्तु वा सेवाको गुणस्तर परिमाण एवं मुल्यको अनियमितता नियन्त्रण लगायतका सम्पूर्ण व्यवस्था ऐनमा संभव नभएकाले । | |

(धिरेन्द्र कुमार प्रधान)

सचिव

सचिव

(मा. नन्दसिंह बुढा)

मन्त्री

मन्त्री

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ को व्याख्यात्मक टिप्पणी

| क्र सं | दफा नं | प्रस्तावित दफा शिर्षक | व्याख्यात्मक टिप्पणी | कैफियत |
|---|---|---|---|---|
| १ | | प्रस्तावना | प्रदेश सरकारको क्षेत्राधिकार भित्र उपभोक्ताको हक हित र अधिकारको संरक्षण गर्न बनेको विधेयक । | |
| २ | १ | संक्षिप्त नाम र प्रारम्भ | कर्णाली प्रदेश उपभोक्ता संरक्षण ऐन ,२०७५ । | |
| ३ | २ | परिभाषा | अनुचित व्यापारीक क्रियाकलाप, उपभोग्य बस्तु, उपभोक्ता सहकारी संस्था, कमसल उपभोग्य वस्तु, प्रयोगशाल, विक्रेता लगायतको परिभाषा गर्न बाञ्छनीय भएकोले । | |
| ४ | ३ | उपभोक्ता संरक्षण परिषद्को गठन | उपभोक्ताको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा उपभोक्ताको हक हितको सम्बन्धमा प्रदेश सरकारलाई सुझाब दिनको लागि व्यवस्था गर्नु पर्ने भएकोले । | |
| ५ | ४ | परिषद्को काम, कर्तव्य र अधिकार | परिषद्को कार्यक्षेत्र तथा कार्य सम्बन्धी व्यवस्था गर्नु पर्ने भएकोले । | |
| ६ | ५ | उपभोक्ताको अधिकार संरक्षण तथा सम्बर्धन गर्ने | उपभोक्ताको हक हित संरक्षण सम्बन्धी व्यवस्था गर्नुपर्ने भएकोले । | |
| ७ | ६ | माग, आपूर्ती वा मुल्यमा प्रतिकूल प्रभाव पार्न नहुने | उपभोग्य वस्तु वा सेवाको माग आपूर्ती वा मुल्यमा प्रतिकुल प्रभाव पार्न नहुने सम्बन्धी व्यावस्था गर्न आवश्यक भएकोले । | |
| ८ | ७ | उपभोग्य वस्तु वा सेवाको आपूर्तीलाई व्यवस्थित तथा नियन्त्रित गर्ने अधिकार | उपभोग्य वस्तु वा सेवाको आपूर्तीलाई नियमित व्यवस्थित तथा नियन्त्रित सम्बन्धी व्यावस्था गर्न आवश्यक भएकोले । | |
| ९ | ८ | उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरु | उपभोग्य वस्तुको लेवलमा तोकिनु पर्ने कुराहरु सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| १० | ९ | उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने काम | उपभोग्य वस्तु वा सेवा सम्बन्धी गर्न नहुने कामको सम्बन्धमा व्यवस्था गर्न आवश्यक भएकोले । | |
| ११ | १० | उपभोग्य वस्तु वा सेवाको गुणस्तर | उपभोग्य वस्तु वा सेवाको गुणस्तर तोक्नु पर्ने भएकोले । | |
| १२ | ११ | मुल्य सूची राख्नु पर्ने | उपभोग्य वस्तुको थोक र खुद्रा मुल्य सम्बन्धी व्यवस्था गर्नुपर्ने भएकोले । | |
| १३ | १२ | प्रदेश सरकारले जाँचबुझ र निरीक्षण गर्न सक्ने | उपभोक्ताको हक हितमा प्रतिकुल असर पार्ने किसिमले अनुचित व्यापारीक क्रियाकलापहरु माथि | |

सचिव

मन्त्री

| | | | | |
|---|---|---|---|---|
| | | | जाँचबुझ निरक्षण गर्ने सम्बन्धी आवश्यक व्यवस्था गर्नु पर्ने भएकोले । | |
| १४ | १३ | निरीक्षण अधिकृत तोक्न सक्ने | उपभोग्य वस्तु वा सेवा सरल रुपमा उपलब्ध गराउने कार्यको अनुगमन गर्ने लगायतका कार्य सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| १५ | १४ | निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्ने सक्ने | असुक्षित वा गुणस्तरहीत उपभोग्य वस्तुको उत्पादन वा विक्रि वितिरणको निरक्षण जाँचबुझ वा खानतलासि गर्न आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले । | |
| १६ | १५ | उपभोग्य वस्तुको परीक्षण | उपभोग्य वस्तुको गुणस्तर परीक्षण सम्बन्धी आवश्यक व्यवस्था गर्नु पर्ने भएकोले । | |
| १७ | १६ | कमसल उपभोग्य वस्तु जफत हुने | कमसल उपभोग्य वस्तुको वेचविखन तथा प्रयोग नियन्त्रण गर्ने सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले । | |
| १८ | १७ | क्षतिपूर्तिको दाबी गर्न सक्ने | उपभोग्य वस्तु सेवाको विक्रि वितरण वा प्रदान गरेको कारणबाट उपभोक्तालाई हानी नोक्सानी पुग्न गएका क्षतिपूर्ती दावी सम्बन्धी आवश्यक व्यवस्था गर्नु पर्ने भएकोले । | |
| १९ | १८ | अनुगमन तथा क्षतिपूर्ति समिति | उपभोग्य वस्तु सेवाको विक्रि वितरण वा प्रदान गरेको कारणबाट उपभोक्तालाई हानी नोक्सानी पुग्न गएका क्षतिपूर्ती दिलाउने निर्णय सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले । | |
| २० | १९ | जिल्ला स्तरीय अनुगमन तथा क्षतिपूर्ति सिफारिस समिति | उपभोग्य वस्तु सेवाको विक्रि वितरण वा प्रदान गरेको कारणबाट उपभोक्तालाई हानी नोक्सानी पुग्न गएका क्षतिपूर्ती सिफारीस सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले । | |
| २१ | २० | क्षतिपूर्ति दिलाउने | उपभोग्य वस्तु सेवाको विक्रि वितरण वा प्रदान गरेको कारणबाट उपभोक्तालाई हानी नोक्सानी पुग्न गएका क्षतिपूर्ती दिलाउने सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले । | |
| २२ | २१ | उपसमिति गठन गर्न सक्ने | ऐनको प्रभाकारी कार्यान्वयनको लागि आवश्यक समितिको व्यवस्था गर्नु पर्ने भएकोले । | |
| २३ | २२ | अधिकार प्रत्यायोजन | ऐन कार्यान्वयनको लागि अधिकार प्रत्यायोजन सम्बन्धी आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले । | |
| २४ | २३ | सजाय | उपभोग्य वस्तु वा सेवाको उत्पादन तथा विक्रि वितरण गर्दा हुनसक्ने गैरकानूनी कार्यमाथि नियन्त्रण गर्न आवश्यक व्यवस्था गर्नुपर्ने भएकोले । | |

सचिव

मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २५ | २४ | सरकार वादी हुने | यस ऐन अन्तर्गतको मुद्दा सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| २६ | २५ | मुद्धाको अनुसन्धान तथा तहकिकात | यस ऐन अन्तर्गतको मुद्दा सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| २७ | २६ | प्रचलित कानुन बमोजिम मुद्धा चलाउन सकिने | यस ऐन अन्तर्गतको मुद्दा सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| २८ | २७ | पुनरावेदन | यस ऐन अन्तर्गतको मुद्दा सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| २९ | २८ | प्रचलित कानून बमोजिम हुने | यस ऐनमा नलेखिएको व्यवस्था सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| ३० | २९ | संक्षिप्त कार्यविधि अपनाउनु पर्ने | यस ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| ३१ | ३० | असल नियतले गरेको कामको कामको बचाउ | यो ऐन वा यस अन्तर्गत वनेको नियम बमोजिम आफ्नो पदिय कर्तब्य पालना गर्दा असल नियतले गरेको कामको बचाउ सम्बन्धी व्यवस्था गर्न आवश्यक भएकोले । | |
| ३२ | ३१ | नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने | यस ऐन प्रभावकारी कार्यान्वयनको लागि नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन आवश्यक हुने । | |

(धिरेन्द्र कुमार प्रधान)

सचिव

(मा. नन्दसिंह बुढा)

मन्त्री

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, नेपाल

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

<u>उपभोक्ता संरक्षण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५</u>

<u>प्रस्तावना</u>: उपभोक्ताको स्वास्थ्य, सुविधा र आर्थिक हित कायम राख्न, उपभोग्य वस्तु वा सेवाको गुणस्तर, परिमाण एवं मूल्यको अनियमितताबाट उपभोक्ता वर्गलाई संरक्षण प्रदान गर्न, एकाधिकार एवं अनुचित व्यापार, झुट्टा तथा भ्रमात्मक प्रचार प्रसार हुन नदिई सुरक्षित तथा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवाको उत्पादन, बिक्री वितरण, निकासी, पैठारी र सञ्चयसम्बन्धी व्यवस्था गर्न तथा उपभोक्तालाई पर्ने मर्काको उपचार दिलाई उपभोक्ताको हक, हित र अधिकारको संरक्षण गर्ने व्यवस्था गर्न वान्छनीय भएकोले,

कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस ऐनको नाम "कर्णाली प्रदेश उपभोक्ता संरक्षण ऐन, २०७५" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा, —

(क) **"अनुगमन तथा क्षतिपूर्ति समिति"** भन्नाले उपभोक्तालाई पुग्न गएको हानि नोक्सानी वापत क्षतिपुर्ती दिलाउन दफा १८ बमोजिम गठन भएको अनुगमन तथा क्षतिपूर्ति समिति सम्झनु पर्छ ।

(ख) **"अनुचित व्यापारिक क्रियाकलाप"** भन्नाले कुनै पनि उपभोग्य वस्तु वा सेवाको वास्तविक गुणस्तर, परिमाण, मूल्य, नापतौल ढाँचा वा बनावट आदि ढाँटी वा झुक्याई त्यस्तो उपभोग्य वस्तु वा सेवा उत्पादन गर्ने, ओसार पसार गर्ने, बिक्री वितरण वा प्रदान गर्ने, अन्य व्यक्तिले उत्पादन गरेको उपभोग्य वस्तुको गुणस्तर, परिमाण, मूल्य, नापतौल, ढाँचा, बनावट आदिमा असर पारी बिक्री वितरण गर्ने कार्य सम्झनु पर्छ ।

सचिव मन्त्री

(ग) **"उत्पादन"** भन्नाले उपभोग्य वस्तु बनाउने, तयार गर्ने, प्रशोधन गर्ने, परिणत गर्ने, प्याकिङ्ग गर्ने, पुनः प्याकिङ्ग गर्ने, एसेम्बलिङ्ग गर्ने, लेबल लगाउने प्रक्रिया वा सो सम्बन्धमा अपनाईने सम्पूर्ण वा कुनै प्रक्रिया सम्झनु पर्छ ।

(घ) **"उपभोग्य वस्तु"** भन्नाले उपभोक्ताले उपभोग वा प्रयोग गर्ने वस्तु वा वस्तुहरूको सम्मिश्रणबाट बनेको पदार्थ सम्झनु पर्छ र सो शब्दले उपभोग्य वस्तुको निर्माणमा प्रयोग हुने कच्चा पदार्थ, रङ, सुगन्ध वा रसायनलाई समेत जनाउँछ ।

(ङ) **"उपभोक्ता"** भन्नाले कुनै वस्तु वा सेवा उपभोग वा प्रयोग गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(च) **"उपभोक्ता संस्था"** भन्नाले उपभोक्ताको हक हित संरक्षण तथा सम्वर्धन गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापना भएको संस्था सम्झनु पर्छ ।

(छ) **"कमसल उपभोग्य वस्तु"** भन्नाले तोकिएको गुणस्तर तथा मापदण्ड भन्दा कम हुने गरि उपभोक्ताको स्वास्थमा नकारात्मक असर पर्ने दफा १० वमोजिमको उपभोग्य वस्तु सम्झनु पर्छ ।

(ज) **"तोकिएको"** वा **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

(झ) **"निरीक्षण अधिकृत"** भन्नाले दफा १३ बमोजिम तोकिएको निरीक्षण अधिकृत सम्झनुपर्छ ।

(ञ) **"परिषद्"** भन्नाले दफा ३ बमोजिम गठन भएको उपभोक्ता संरक्षण परिषद् सम्झनु पर्छ ।

(ट) **"प्रयोगशाला"** भन्नाले उपभोग्य वस्तुको शुद्धता, पूर्णता वा गुणस्तर परीक्षण गर्ने उद्देश्यले स्थापना भएको नेपाल सरकार वा प्रदेश सरकारबाट मान्यताप्राप्त निकाय सम्झनु पर्छ ।

(ठ) **"बिक्रेता"** भन्नाले थोक वा खुद्रारूपमा उपभोग्य वस्तु वा सेवा बिक्री वितरण गर्ने व्यक्ति, सरकारी वा गैर सरकारी संस्था वा सहकारी संस्था सम्झनु पर्छ ।

(ड) **"मन्त्रालय"** भन्नाले कर्णाली प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

सचिव

मन्त्री

(ढ) "लेबल" भन्नाले उपभोग्य वस्तु वा उपभोग्य वस्तु राखिएको भाँडामा लेखिएको, छापिएको, लिथो गरिएको, चिन्ह लगाइएको, इम्बोर्स गरिएको, समावेश गरिएको वा अन्य कुनै किसिमले देखाइएको ट्याग, चिन्ह, तस्वीर वा अन्य विवरणात्मक वस्तु सम्झनु पर्छ ।

(ण) "सेवा" भन्नाले कुनै कामको निमित्त कुनैपनि किसिमको सेवा शुल्क वा प्रतिफल लिई प्रदान गरिएको श्रम, सुविधा वा परामर्श सम्झनु पर्छ ।

३. उपभोक्ता संरक्षण परिषद्को गठन: (१) उपभोक्ताको हक हित संरक्षण सम्बन्धी विषयमा नीति निर्माण गर्न तथा उपभोक्ताको हक हितका सम्बन्धमा प्रदेश सरकारलाई सुझाव दिनको लागि एक उपभोक्ता संरक्षण परिषद् गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको परिषदमा देहाय बमोजिमका पदाधिकारीहरू रहने छन्:—

(क) मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय — अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय — सदस्य

(ग) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय — सदस्य

(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय — सदस्य

(ङ) सचिव, भौतिक पुर्वाधार विकास मन्त्रालय — सदस्य

(च) सचिव, भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय — सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय — सदस्य

(ज) मेडिकल सुपरिटेण्डेण्ट, प्रदेश अस्पताल — सदस्य

(झ) अध्यक्ष, प्रदेश उद्योग वाणिज्य संघ — सदस्य

(ञ) अध्यक्ष, प्रदेश चेम्वर्स अफ कमर्स — सदस्य

(ट) अध्यक्ष, प्रदेश पत्रकार महासंघ — सदस्य

(ठ) उपभोक्ताको हक हीतसँग सम्बन्धित प्रदेश भित्रका संस्था मध्ये प्रदेश सरकारले मनोनित गरेका एकजना महिला सहित प्रतिनिधि दुई जना — सदस्य

सचिव

मन्त्री

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

(ङ) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय — सदस्य सचिव

(३) उपदफा (२) को खण्ड (ढ) बमोजिम मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ ।

(४) परिषदको वैठक छ महिनाको अन्तर नहुने गरी वर्षमा दुई पटक वस्नेछ ।

(५) परिषदले आवश्यकता अनुसार विषयगत विज्ञ तथा सम्वद्ध पदाधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

(६) परिषदले आफ्नो कार्यविधि आफै व्यवस्थित गरी कार्य गर्न सक्नेछ ।

४. <u>परिषद्को काम, कर्तव्य र अधिकार</u>ः परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था र उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर, शुद्धतासम्बन्धी विषयमा प्रदेश सरकारलाई सुझाब दिने ।

(ख) उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवाको सम्बन्धमा सुशुचित गराई त्यस्ता वस्तु तथा सेवाको गुणस्तरको विषयमा जानकारी गराउन उपभोक्ताको हक हितसम्बन्धी सूचनाहरू प्रचार प्रसार गर्ने, गराउने ।

(ग) उपभोक्तालाई उपभोग्य वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण, शुद्धता तथा अनुचित व्यापारिक क्रियाकलापका सम्बन्धमा सूचित गर्ने, गराउने ।

(घ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्बन्धमा अनुसन्धान गर्ने, गराउने ।

(ङ) उपभोक्ताको हक हित संरक्षण सम्बन्धमा भइरहेका नीति परिवर्तन गर्ने वा नयाँ नीति बनाउने सम्बन्धमा प्रदेश सरकारलाई सुझाब दिने।

(च) उपभोक्ताको हक हित संरक्षण सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सूचनाहरू अद्यावधिक राख्ने तथा राख्न लगाउने ।

(छ) उपभोक्ताका अधिकारहरूको अनुगमन गर्ने, गराउने र अनुगमन गर्दा देखिएका त्रुटीहरूको सुधार गर्न प्रदेश सरकारलाई सुझाब दिने ।

४

सचिव मन्त्री

(ज) नेपाल पक्ष राष्ट्र भएका उपभोक्ता हित र संरक्षण सम्वन्धी अन्तराष्ट्रिय सन्धी सम्झौता कार्यान्वयनको लागि प्रदेश सरकारलाई सुझाव दिने ।

(झ) उपभोक्ताको हक हित संरक्षण गर्ने सम्बन्धमा उपयुक्त सम्झेका अन्य कामहरु गर्ने, गराउने ।

(ञ) प्रदेश सरकारले तोके बमोजिमका कामहरु गर्ने, गराउने ।

५. उपभोक्ताको अधिकारको संरक्षण तथा सम्वर्धन गर्नेः (१) उपभोक्ताको हक हित संरक्षण गर्ने प्रयोजनको लागि उपभोक्तालाई देहायका अधिकारहरू प्राप्त हुनेछन्:—

(क) जीउ, ज्यान, स्वास्थ्य तथा सम्पत्तिमा हानी पु-याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षित हुन पाउने अधिकार,

(ख) अनुचित व्यापारिक क्रियाकलापबाट सुरक्षित हुनको लागि उपभोग्य वस्तु तथा सेवाको मूल्य, परिमाण, शुद्धता, गुणस्तर आदि बारे सूचित हुने अधिकार,

(ग) प्रतिस्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्न पाउने अवसरमा विश्वस्त हुने अधिकार,

(घ) उपभोक्ताको हक हित संरक्षणका सम्बन्धमा सम्वन्धित निकायबाट सुनुवाई हुन्छ भन्ने कुरामा विश्वस्त हुने अधिकार,

(ङ) अनुचित व्यापारिक क्रियाकलापबाट उपभोक्ताहरूमा हुने शोषण तथा सर्काको विरुद्ध सुनुवाई र क्षतिपूर्ति पाउने अधिकार,

(च) उपभोक्ता शिक्षाको अधिकार ।

(२) उपदफा (१) मा उल्लिखित उपभोक्ताको अधिकारको संरक्षण तथा सम्वर्धन गर्ने वातावरण सृजना गर्नको लागि प्रदेश सरकारले परिषद्लाई आवश्यक निर्देशन दिनेछ ।

६. माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न नहुनेः कसैले पनि कुनै व्यक्तिसँग मिली देहायका कुनै काम गरी गराई कुनै उपभोग्य वस्तु वा सेवाको माग, आपूर्ति वा मूल्यमा प्रतिकूल प्रभाव पार्न हुँदैनः —



सचिव

मन्त्री

(क) कुनै उपभोग्य वस्तुको लागि चाहिने कच्चा पदार्थको कोटा निर्धारण गरी वा कुनै उपभोग्य वस्तुको उत्पादन घटाउन वा त्यस्तै अन्य कुनै काम गर्न गराउन,

(ख) कुनै उपभोग्य वस्तु वा सेवा सञ्चित गरी वा अन्य तवरले कृत्रिम अभाव खडा गरी वा निर्धारित समय वा स्थानमा मात्र त्यस्तो वस्तु वा सेवा बिक्री वितरण गर्ने गरी वा त्यस्तै अन्य कुनै काम गर्न गराउन ।

७. <u>उपभोग्य वस्तु वा सेवाको आपूर्तीलाई व्यवस्थित तथा नियन्त्रित गर्ने अधिकारः</u> (१) उपभोक्ताको हक हित संरक्षण गर्नको निमित्त उपभोग्य वस्तु वा सेवाको आपूर्तिलाई नियमित, व्यवस्थित तथा नियन्त्रित गर्न प्रदेश सरकारले देहायबमोजिमको अधिकार प्रयोग गर्नेछः—

(क) उपभोग्य वस्तु वा सेवाको गुणस्तर, मूल्य निर्धारण र आपूर्ति व्यवस्था सम्बन्धी नीति तथा कानून निर्माण गर्ने,

(ख) उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमका एकाधिकार तथा अनुचित व्यापारिक क्रियाकलापलाई अनुगमन, रोकथाम र नियन्त्रण गर्ने सम्बन्धमा कार्य योजना बनाई उक्त कार्य योजना कार्यान्वयन गर्ने,

(ग) प्रदेशभित्र खपत हुने उपभोग्य वस्तुको माग र आपूर्ति स्थितिको विश्लेषण तथा समीक्षा गर्ने,

(घ) उपभोग्य वस्तुको उत्पादक, बिक्रेता वा वितरकहरूले अवाञ्छित तरिकाले गरेको मूल्य वृद्धिलाई रोक्न आवश्यक व्यवस्था गर्ने,

(ङ) उपभोग्य वस्तुको कृत्रिम वा अनुपयुक्त तवरले अभाव सृजना गर्ने किसिमका अनुचित व्यापारिक क्रियाकलापलाई निरुत्साहित गर्ने ।

(२) उपभोक्ताको हक हित संरक्षण, आपूर्ति व्यवस्था नियमित र उपभोग्य वस्तु तथा सेवाको मूल्य एवं गुणस्तर नियन्त्रण सम्बन्धी व्यवस्थाहरूको प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक व्यवस्था गर्नेछ ।



सचिव मन्त्री

८. <u>उपभोग्य वस्तुमा उल्लेख गर्नुपर्ने कुराहरू</u>: उत्पादकले उपभोग्य वस्तुको लेबलमा तोकिएको कुराहरू अनिवार्यरूपमा उल्लेख गर्नु पर्नेछ ।

९. <u>उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा गर्न नहुने काम</u>: कसैले पनि कुनै उपभोग्य वस्तु वा सेवाको सम्बन्धमा देहायका कुनै काम गर्न, गराउन हुँदैनः—

(क) कमसल उपभोग्य वस्तुको उत्पादन, बिक्री वितरण वा निकासी पैठारी गर्न ।

(ख) उपभोक्तालाई झुक्याउने गरी कुनै उपभोग्य वस्तुको नक्कल गर्न ।

(ग) कुनै उपभोग्य वस्तु वा सेवालाई अर्को उपभोग्य वस्तु वा सेवा हो भनी वा निम्नस्तरको उपभोग्य वस्तु वा सेवालाई उच्चस्तरको उपभोग्य वस्तु वा सेवा हो भनी ढाँटी वा झुक्याई बिक्री वितरण गर्न ।

(घ) कुनै उपभोग्य वस्तु वा सेवाको प्रयोग, उपयोगिता वा प्रभावकारिताको सम्बन्धमा झुट्टा वा भ्रामात्मक प्रचार प्रसार वा विज्ञापन गर्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गर्न ।

(ङ) उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तु वा सेवाको उत्पादन वा बिक्री वितरण गर्न ।

(च) तोकिए बमोजिमका अन्य कामहरू गर्न ।

१०. <u>उपभोग्य वस्तु वा सेवाको गुणस्तर</u>: (१) देहाय बमोजिमको वस्तु वा सेवालाई कमसल उपभोग्य वस्तु वा सेवा मानिनेछ ।

(क) निर्धारित गरिएको गुणस्तरभन्दा कम्ती हुने गरी हुनु पर्ने पदार्थको परिमाण घटाइएको वढाइएको वा अन्य कुनै पदार्थको सम्मिश्रण गरिएको,

(ख) उपभोक्ताको स्वास्थ्यलाई हानिकारक हुने गरी सडेको, गलेको वा फोहोरमैला वा विषादी अवस्थामा राखिएको वा तयार गरिएको अखाद्य वस्तु वा कुनै रसायन, रङ वा बास्ना प्रयोग गरिएको,



मन्त्री

सचिव

(ग) केही वा सम्पूर्ण भाग रोगी वा रोगकारक पशु, पंक्षी वा हानिकारक वनस्पतिबाट बनाइएको,

(घ) तोकिएको न्यूनतम आवश्यक गुणस्तरभन्दा घटेको वा अधिकतम गुणस्तर तोकिएकोमा सो भन्दा बढेको ।

(२) कुनै उपभोग्य वस्तु वा सेवामा कुनै पदार्थको गुणस्तर वा मात्रा कुन परिधि भित्रको हुनु पर्छ भन्ने कुराको निर्धारण भएको रहेछ भने प्रदेश सरकारले त्यस्तो वस्तु वा सेवाको गुणस्तरको निर्धारण तोकिए बमोजिमको प्रक्रिया पूरा गरी गर्नेछ ।

(३) उपदफा (१) बमोजिम कुनै उपभोग्य वस्तु वा सेवाको गुणस्तर निर्धारण गरिएको कुराको सूचना प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

११. मूल्य सूची राख्नु पर्नेः बिक्रेताले बिक्री वितरण गर्ने प्रत्येक उपभोग्य वस्तुको थोक र खुद्रा मूल्य स्पष्टरूपमा अंकित मूल्य सूची बिक्री स्थलमा सबैले देख्ने ठाउँमा राख्नु पर्नेछ ।

१२. प्रदेश सरकारले जाँचबुझ र निरीक्षण गर्न सक्नेः (१) कसैले उपभोक्ताको हक हितमा प्रतिकूल असर पार्ने किसिमले अनुचित व्यापारिक क्रियाकलाप गरिरहेको वा एकाधिकार कायम गरी वा अन्य कुनै तरीकाद्वारा उपभोग्य वस्तु वा सेवाको मूल्य तथा आपूर्ति व्यवस्थालाई प्रभावित पार्ने काम गरिरहेको वा कमसल उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गरिरहेको वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत काम कारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिव कारण भएमा प्रदेश सरकारले आवश्यक जाँचबुझ र निरीक्षण गर्न, गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ र निरीक्षणबाट दोषी देखिएका उत्पादक, डिलर, एजेण्ट, बिक्रेता, व्यक्ति वा संस्थालाई प्रदेश सरकारले प्रचलित कानुन बमोजिम आवश्यक कारवाही गर्नेछ ।

१३. निरीक्षण अधिकृत तोक्न सक्नेः (१) बजार तथा आपूर्ति व्यवस्थालाई प्रभावकारी बनाई उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयुक्त उपभोग्य वस्तु वा सेवा सरल रूपमा उपलब्ध गराउने

सचिव मन्त्री

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

कार्यको अनुगमन गर्न मन्त्रालयले आवश्यकता अनुसार निरीक्षण अधिकृतको रूपमा काम गर्न मन्त्रालय मातहतको कुनै मौजुदा अधिकृत कर्मचारीलाई तोक्न सक्नेछ ।

(२) निरीक्षण अधिकृतको योग्यता, काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।

१४. <u>निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्ने</u>: (१) कुनै ठाउँमा असुरक्षित वा गुणस्तरहीन उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत कुनै काम कामकारवाही भइरहेको छ भन्ने विश्वास हुने मनासिब कारण भएमा निरीक्षण अधिकृतले त्यस्तो ठाउँमा विना सूचना निरीक्षण, जाँचबुझ वा खानतलासी गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा असुरक्षित वा गुणस्तर नभएको उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण भइरहेको वा सेवा प्रदान गरेको वा यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम विपरीत काम कारवाही भइरहेको देखिएमा निरीक्षण अधिकृतले त्यस्तो उपभोग्य वस्तुको तोकिएबमोजिम नमूना लिई तोकिएको अवधिको लागि त्यस्तो उपभोग्य वस्तुको उत्पादन वा बिक्री वितरण गर्न वा सेवा प्रदान गर्न रोक लगाउनेछ ।

(३) उपदफा (२) बमोजिम निरीक्षण अधिकृतले गरेको काम कारवाही सम्बन्धी प्रतिवेदन यथाशिघ्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(४) निरीक्षण अधिकृतले निरीक्षण, जाँचबुझ वा खानतलासी गर्दा अपनाउनु गर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(५) निरीक्षण अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तथा निरीक्षण अधिकृतले दिएको प्रतिवेदन कार्यान्वयन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

१५. <u>उपभोग्य वस्तुको परीक्षण</u>: निरीक्षण अधिकृतले लिएको उपभोग्य वस्तुको नमूना परीक्षणको लागि तोकिएको अवधिभित्र प्रयोगशालामा पठाउनु पर्नेछ ।

सचिव

मन्त्री

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

१६. <u>कमसल उपभोग्य वस्तु जफत हुनेः</u> दफा १५ बमोजिम परीक्षणको लागि पठाइएको उपभोग्य वस्तुको नमूना प्रयोगशालामा परीक्षण हुँदा कमसल उपभोग्य वस्तु ठहरिएमा सम्बन्धित उपभोग्य वस्तुहरू जफत हुनेछन् ।

१७. <u>क्षतिपूर्तिको दावी गर्न सक्नेः</u> यस ऐनको विपरीत हुने गरी उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गरेको कारणबाट उपभोक्तालाई कुनैपनि किसिमको हानी नोक्सानी हुन गएमा त्यस्तो उपभोक्ताको तर्फबाट कुनै उपभोक्ता संस्थाले त्यस्तो उपभोग्य वस्तु वा सेवा बिक्री वितरण वा प्रदान गर्ने व्यक्तिबाट क्षतिपूर्ति भराई पाउँ भनी अनुगमन तथा क्षतिपूर्ति समितिसमक्ष त्यसरी हानी नोक्सानी पुगेको छ महिनाभित्र उजुरी गर्न सक्नेछ ।

१८. <u>अनुगमन तथा क्षतिपूर्ति समितिः</u> दफा १७ बमोजिम परेको उजुरी उपर छानबिन गर्न एवं निरीक्षण अधिकृतले दिएको निरीक्षण प्रतिवेदन उपर छलफल तथा निर्देशन दिन मन्त्रालयमा देहायबमोजिम एक अनुगमन तथा क्षतिपूर्ति समिति को गठन हुनेछ :—

(क) सचिव, मन्त्रालय — संयोजक

(ख) महाशाखा प्रमुख, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय — सदस्य

(ग) महाशाखा प्रमुख, आन्तरिक मामिला तथा कानून मन्त्रालय — सदस्य

(घ) महाशाखा प्रमुख, सामाजिक विकास मन्त्रालय — सदस्य

(ङ) मेडिकल अधिकृत, प्रदेश अस्पताल — सदस्य

(च) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

—सदस्य सचिव

१९. <u>जिल्ला स्तरीय अनुगमन तथा क्षतिपूर्ति सिफारिस समितिः</u> (१) उपभोक्ता हक हित संरक्षणको लागि सरल र सहज रुपमा गुणस्तरीय वस्तु तथा सेवाको आपुर्ति भए नभएको सम्वन्धमा नियमित अनुगमन गर्न, अत्यावश्यक वस्तुको कृत्रिम अभाव श्रृजना गरी अस्वभाविक मुल्य वृद्धि नियन्त्रण गर्न, वजारमा खाद्यवस्तुको परिमाण र गुणस्तरका विषयमा छानविन गर्न, वजारमा एकाधिकारको अन्त्य गरी प्रतिस्पर्धात्मक मुल्यमा वस्तु तथा सेवाको आपुर्तिको व्यवस्था गर्न तथा दफा १७



सचिव मन्त्री

प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
कर्णाली प्रदेश
सुर्खेत, नेपाल
२०७४

बमोजिम परेको उजुरी उपर छानबिन गरी उपभोक्तालाई पुग्न गएको हानी नोक्सानीवापत क्षतिपूर्ति दिलाउन मन्त्रालयमा सिफारिसको लागि प्रत्येक जिल्लामा देहायबमोजिम एक अनुगमन तथा क्षतिपूर्ति सिफारिस समितिको गठन हुनेछ :—

(क) जिल्ला समन्वय अधिकारी — अध्यक्ष

(ख) मेडिकल अधिकृत, जिल्ला अस्पताल — सदस्य

(ग) मन्त्रालयले तोकेको कम्तीमा ५ वर्ष कानून व्यवसाय गरेको कानून व्यवसायी — सदस्य

(घ) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ — सदस्य

(ङ) जिल्ला उपभोक्ता हकहित हेर्ने संस्थाको अध्यक्ष — सदस्य

(च) अध्यक्ष, जिल्ला पत्रकार महासंघ — सदस्य

(छ) प्रमुख, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय —सदस्य—सचिव

(२) क्षतिपूर्ति समितिमा आवश्यकता अनुसार विषयगत विज्ञलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) क्षतिपूर्ति समितिले क्षतिपूर्तिका सम्बन्धमा परेको उजुरीमा तोकिएको अवधिभित्र निर्णय गर्नु पर्नेछ र सो निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

२०. <u>क्षतिपूर्ति दिलाउने</u>: दफा १७ बमोजिम क्षतिपूर्तिको निमित्त परेको उजुरी उपर छानबिन गरी मन्त्रालयमा गठित अनुगमन तथा क्षतिपूर्ति समितिले उपभोक्तालाई हानी नोक्सानी पुग्न गएको देखिएमा प्रचलित कानून बमोजिम हानी नोक्सानीको आधारमा क्षतिपूर्ति बापतको रकम उपभोक्ता वा निजको हकवालालाई दिलाउनेछ ।

२१. <u>उपसमिति गठन गर्न सक्ने</u>: (१) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि मन्त्रालयले आवश्यक उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिहरूको काम, कर्तव्य, अधिकार र कार्यविधि मन्त्रालयले तोकिदिए बमोजिम हुनेछ ।



सचिव मन्त्री

२२. अधिकार प्रत्यायोजनः मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार दफा २१ बमोजिम गठित उपसमिति वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२३. सजायः यो ऐनको वर्खिलाप हुने गरी कसैले कुनै काम गरे गराएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

२४. सरकार वादी हुनेः यस ऐन अन्तर्गतको मुद्दा सरकार वादी हुनेछ ।

२५. मुद्दाको अनुसन्धान तथा तहकिकातः यस ऐनबमोजिम सजाय हुने कसुरसम्बन्धी मुद्दाको अनुसन्धान तथा तहकिकात निरीक्षण अधिकृतले गर्नेछ ।

२६. प्रचलित कानुन बमोजिम मुद्दा चलाउन सकिनेः यस ऐनबमोजिम कसुर ठहरिने काम कारवाही अन्य प्रचलित कानुन अन्तर्गत पनि कसुर ठहरिने रहेछ भने उक्त प्रचलित कानुन बमोजिम मुद्दा चलाउन यस ऐनले बाधा पुऱ्याएको मानिने छैन ।

२७. पुनरावेदनः दफा १८ बमोजिम अनुगमन तथा क्षतिपूर्ति समितिले गरेको निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले सो निर्णय भएको मितिले पैंतीस दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

२८. प्रचलित कानून वमोजिम हुनेः यस ऐनमा लेखिएजति यसै ऐन वमोजिम हुनेछ र यस ऐनमा नलेखिएकोमा अन्य कानून वमोजिम हुनेछ ।

२९. संक्षिप्त कार्यविधि अपनाउनु पर्नेः यस ऐनअन्तर्गत दायर भएको मुद्दाको कारवाही र किनारा गर्दा प्रचलित संक्षिप्त कार्यविधि अपनाउनु पर्नेछ ।

३०. असल नियतले गरेको कामको बचाउः निरीक्षण अधिकृत, अनुगमन तथा क्षतिपूर्ति समिति, मन्त्रालय वा अन्तर्गतको कुनै कर्मचारीले यो ऐन वा यस ऐनअन्तर्गत बनेको नियम बमोजिम आफ्नो पदिय कर्तव्य पालन गर्दा असल नियतले गरेको काम कारवाही प्रति निजलाई व्यक्तिगत रूपमा जवाफदेही गराईने छैन ।

सचिव



मन्त्री

३१. <u>नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्ने</u>: यस ऐनको उद्देश्य कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ ।

सचिव

मन्त्री